दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३६ | अंक २०९ | बुटवल | २०८१ साउन ११, गते शुक्रबार | नेपाल संवत ११४४ | Friday July 26, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## रूपन्देहीमा एक वर्षमा चार सय उद्योग–व्यवसाय बन्द

**अघिल्लो आर्थिक वर्ष २०७९/०८० मा २ सय ५२ उद्योग र १५ वटा व्यवसाय गरी २ सय ८५ वटा उद्योग व्यवसाय बन्द भएकोमा गत वर्षको तुलनामा एक सय १७ वटा बढी उद्योग बन्द भएका छन् ।**



प्रतिकात्मक तस्विर



*'उद्योग र व्यापारिक फर्मको संख्या घट्नु भनेको निजी क्षेत्र धरासायी हुँदै गएको हो, यो चिन्ताको विषय हो । तीन तहको सरकार भएको मुलुकमा एउटा साना उद्योगका लागि तीन ठाउँमा दर्ता गर्नुपर्ने, तीन ठाउँमा कर तिर्नुपर्ने झन्झटिलो प्रक्रिया एकातर्फ छ भने बजार संकुचित भएकोले उपभोक्ता र उत्पादनमा कमी आयो, यो रूपन्देहीमा मात्रै होइन नेपालभरिकै अवस्था रहेको छ ।'–उद्योग वाणिज्य संघका अध्यक्षले भने ।*

**मोहम्मद हबिब**
*भैरहवा*

आर्थिक मन्दीको प्रभावले रूपन्देहीमा एक वर्षको अवधिमा चार सय २ वटा घरेलु तथा साना उद्योग बन्द भएका छन् । आर्थिक वर्ष २०८०/८१ मा विभिन्न कारण देखाउँदै ३ सय ५४ उद्योग र ४७ व्यवसायिक फर्मले घरेलु तथा साना उद्योग कार्यालयबाट लगतकट्टाले गरेका हुन् ।

कोभिड-१९ को असरसँगै लगत कट्टा गराउनेको संख्या बढ्दै गएको छ । सञ्चालकहरूले आर्थिक मन्दीका कारण घरभाडा, कर्मचारी तलब, बैंक किस्ता समयमा भुक्तानी गर्न नसक्दा , बैंकको व्याज वृद्धि हुनु, आर्थिक तरलतालगायतका कारणले उद्योग तथा वाणिज्य फार्म बन्द गर्नुपरेको बताएका छन् । जिल्लामा व्यवसायी विस्थापित हुने क्रम बढ्दै गएपछि यी फर्मले लगतकट्टा गरेको घरेलु तथा साना उद्योग कार्यालय रूपन्देहीका उद्योग अधिकृत नेत्रप्रसाद भुसालले बताए । उनका अनुसार बन्द हुनेमा उद्योगभन्दा वाणिज्य फार्म बढी रहेका छन् । धमाधम उद्योगहरू बन्द हुँदा यसको असर सबैतिर परेको छ ।

साना स्वरोजगार हुने उद्योगहरूमा आर्थिक मन्दी बढी परेको छ, ती उद्योगहरू बढी खारेज गर्न कार्यालय आउने गरेको पाएका छौं । खासगरी साना उद्योगहरू जुन घरपरिवारका सदस्यहरू स्वरोजगार हुने किसिमबाट खोलिएका थिए अधिकांश तिनै उद्योगहरू बन्द हुने गरेको उद्योग अधिकृत भुसालले बताए । ३ लाखदेखि एक करोड लागत भएका यी उद्योग व्यवसाय बन्द हुँदा करिव एक हजार पाँच सय जनाको रोजगारी खोसिएको अनुमान गर्न सकिन्छ ।

अहिले नयाँ उद्योग तथा व्यवसाय फर्मको दर्ता गर्दा स्थानीय पालिकामार्फत् पाँच लाखसम्मको उद्योग वा व्यापारिक फर्महरू दर्ता हुने व्यवस्था भएकोले पनि यस कार्यालयमा साना उद्योगको दर्ता घटेको छ । अघिल्लो आर्थिक वर्ष २०७९/०८० मा २ सय ५२ उद्योग र १५ वटा व्यवसाय गरी २ सय ८५ वटा उद्योग व्यवसाय बन्द भएकोमा गत वर्षको तुलनामा एक सय १७ वटा बढी उद्योग बन्द भएको छन् ।

रोजगारी गुमेको छ भने व्यवसाय बन्द भएपछि बजारका व्यवसायिक सटरहरू पनि खाली भएका छन् । कैयौं उद्योगी व्यवसायी विस्थापित समेत हुन पुगेका छन् । रूपन्देहीमा ८ सय ३७ उद्योग र १२ सय ८९ वाणिज्य फर्म गरी २१ सय २६ उद्योग व्यवसाय दर्ता छन् । दर्ता भएका ८ सय ३७ उद्योगहरूमा दुई अर्ब ३० करोड ९४ लाख ७४ हजार ६ सय ९८ रुपैयाँ लगानी रहेको छ । त्यसैगरी १२ सय ४४ वाणिज्य फर्ममा २० करोड ७८ लाख ६० हजार लगानी रहेको छ ।

बन्द हुने उद्योगमा उत्पादनमूलक, कृषि तथा वन, सेवामूलकलगायतका बढी छन् भने वाणिज्यतर्फका किराना, फेन्सी, हार्डवेयर, कपडा, कस्मेटिक, इलेक्ट्रिक, मोबाइल कम्प्युटर, मदिरा र विविधका फर्महरू बन्द भएको कार्यालयले जनाएको छ ।

कोरोनाकालपछि असहज स्थिति बन्दै गएपछि उद्योगधन्दा खुल्ने क्रम घटी बन्द हुने बढेको छ । आर्थिक स्थिति असहज बनेपछि साना उद्योग र वाणिज्य फर्म नवीकरण नभएर बन्द हुन पुगेको छ ।

सिद्धार्थ उद्योग वाणिज्य संघ रूपन्देहीका अध्यक्ष ठाकुरकुमार श्रेष्ठले राज्यको नीतिगत कारण, झन्झटिलो प्रक्रिया, आर्थिक मन्दी, कामदार नपाउने र चलिरहेको उद्योगको उत्पादनमा कमी आएकोले उद्योगी-व्यवसायीले आफ्नो फर्म बन्द गर्न बाध्य भएको जनाए ।

उत्पादनमुखी गराउनुमा सहुलियत दिनुको साटो राज्य आयतमुखी भएकोले भन्सारलाई नै प्रमुख स्रोतको रूपमा मानेको छ । सरकारले ठूलो कुरा गर्नुपर्ने छैन निजी क्षेत्रले राखेका स साना कुरा मात्रै सम्बोधन गरे यो अवस्था आउने छैन । मौद्रिक नितिलाई उद्योग र व्यवसाय मैत्री बनाउनु पर्ने आवश्यक छ नयाँ बनेको सरकारले केही गर्छ भन्ने आशा रहेको अध्यक्ष श्रेष्ठले बताए ।

कार्यालयमा दर्ता हुन आउने उद्योगहरू अधिकांश महिलाका नाममा दर्ता हुने गरेका छन् । राजस्वमा ५० प्रतिशत छुट हुने भएकाले महिलाका नाममा दर्ता गर्नेहरूको संख्या भने बढेको छ ।

## बेचन झालाई रिहा गर्न सर्वोच्चद्वारा अस्वीकार



**लुम्बिनी संवाददाता**
*बुटवल*

नक्कली भुटानी शरणार्थी प्रकरणमा अनुसन्धानका लागि थुनामा रहेका बेचन झालाई रिहा गर्ने आदेश दिन सर्वोच्च अदालतले अस्वीकार गरेको छ । न्यायाधीश टेकप्रसाद ढुङ्गानाको इजलासले बन्दी प्रत्यक्षीकरण निवेदन अन्तिम आदेश गर्दै कानुन बमोजिम गर्नु भनी आदेश गरेको हो । सर्वोच्चले जिल्ला अदालतको अनुमति लिएर अनुसन्धानका लागि थुनामा राखेको देखिएको भन्दै सर्वोच्चले उक्त निर्णय सदर गरेपछि उनी थुनामै रहने भएका छन् । जिल्ला अदालत काठमाडौंले संगठित अपराधमा अनुसन्धानका लागि पटक-पटक म्याद थप गरेर थुनामा राखेपछि झाका तर्फबाट छोरा दिब्यान्सु शेखर झाले २०८१ असार ३० गते बन्दी प्रत्यक्षीकरणको निवेदन दर्ता गराएका थिए ।

उक्त निवेदनमा दुई पटकसम्म पेशी तोकिए पनि झा पक्षले निवेदन दिएर सार्दै आएको थियो । बिहीबार सुनुवाइ हुँदै उक्त निवेदनलाई टुङ्गाएको छ । अब जिल्ला अदालतले नै थुनाबारे निर्णय गर्नुपर्ने भएको छ । नक्कली भुटानी शरणार्थी प्रकरणमा दोस्रो चरणमा पूरक अभियोग पत्र दायर गर्न जिल्ला प्रहरी परिसर काठमाडौंले अनुसन्धान गरिरहेको छ । अनुसन्धानकै क्रममा झाको बयान सकिएको छ । प्रहरीले उनको बयानमा आधारमा तानिन सक्ने व्यक्तिहरूको बारेमा अनुसन्धान अघि बढेको छ । संगठित अपराधमा अनुसन्धानका लागि ६० दिनसम्मको अवधि पाउने भएकाले अझैं केही समय प्रहरीले अनुसन्धानका लागि थुनामै राख्न चाहेमा म्याद थप गर्न सक्ने छ । यदि प्रहरीले बयान सकिएको र आवश्यक परेको समयमा बोलाउने गरि हाजिरी जमानतमा पनि रिहा गर्न सक्छ ।

यो प्रकरणमा यसअघि एउटा अभियोग पत्र जिल्ला अदालत काठमाडौंमा दर्ता भएर विचाराधीन रहेको छ । उक्त मुद्दामा पूर्वमन्त्रीहरु बालकृष्ण खाँण, टोपबहादुर रायमाझी, निलम्बित सचिव टेकनारायण पाण्डेलगायतलाई विपक्षी बनाइएको छ ।

नक्कली भुटानी शरणार्थी प्रकरणका आरोपित झा असार १४ गते पक्राउ परेका थिए । नेपाल प्रहरीको विशेष ब्युरोको टोलीले झालाई पक्राउ गरेको थियो । उनलाई नेपाल-भारत सीमावर्ती क्षेत्रबाट गर्दै नेपाल ल्याइएको थियो ।

## लुम्बिनीलाई खतराको सूचीमा राख्ने प्रस्ताव अस्वीकृत




लुम्बिनी । बुद्धजन्मस्थल लुम्बिनीलाई खतराको सूचीमा राख्ने प्रस्ताव अस्वीकृत भएको छ । भारतको नयाँदिल्लीमा जुलाई २१ देखि जारी विश्व सम्पदा समिति (यूनेस्को वर्ल्ड हेरिटेज कमिटी) को ४६औं सेसनअन्तर्गत बिहीबार भएको मस्यौदा उपर छलफल गरी लुम्बिनीलाई खतराको सूचीमा नराख्ने निर्णय भएको हो ।

वर्ल्ड हेरिटेज कमिटीका २१ देशमध्ये भारतसहित १९ देशका प्रतिनिधिले बुद्धजन्मस्थल लुम्बिनी विश्वकै अनुपम महत्वको स्थल भएकाले नेपाललाई सुधारका लागि समय दिनुपर्ने भन्दै खतराको सूचीमा नराख्ने पक्षमा उभिएका हुन् । बैठकमा लुम्बिनीलाई खतराको सूचीको मस्यौदा उपर भारतले संशोधन प्रस्ताव राखेको र संशोधन प्रस्तावको पक्षमा २१ मध्ये १९ राष्ट्रहरु उभिएको लुम्बिनी विकास कोषका सदस्य सचिव सानुराजा शाक्यले बताए ।

युनेस्कोले विगतदेखि नै लुम्बिनीमा सम्पदा संरक्षण विपरीतका गतिविधि र पूर्वाधार निर्माण भएको भन्दै खतराको सूचीमा राख्ने चेतावनी दिँदै आएको थियो । विश्व सम्पदा समितिको सचिवालयले लुम्बिनीलाई खतराको सूचीमा राख्ने मस्यौदा तयार गरेपछि संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, लुम्बिनी विकास कोषका अधिकारीहरुले कुटनीतिक पहल गरेका थिए । लुम्बिनीलाई खतराको सूचीमा नराख्न कोषका उपाध्यक्ष डा. ल्हारक्याल लामाको नेतृत्वमा मन्त्रालयका सचिव डा. गणेश पाण्डेय, भारतका लागि नेपाली राजदूत डा. शंकर शर्मा यूनेस्को तथा फ्रान्सका लागि नेपाली राजदूत सुधिर भट्टराईलगायतले कुटनीतिक पहल गरेका थिए ।

» बाँकी ३ पेजमा

## स्याङ्जाका सबै स्थानीय तह लक्ष्य अनुसार राजस्व उठाउन असफल




**श्रीकृष्ण सिग्देल**
*स्याङ्जा*

स्याङ्जाका ११ वटै स्थानीय तहले लक्ष्य अनुरुप राजस्व उठाउन सकेका छैनन् ।

आर्थिक वर्ष २०८०/०८१ मा जिल्लाका ११ वटै पालिकामध्ये आन्तरिक आयका लागि लिएको लक्ष्य अधिकांशले पूरा गर्न नसकेको तथ्याङ्कले देखाएको छ । जसले गर्दा संघीय सरकारबाट मापन हुने वित्त आयोगको कार्य सम्पादन मूल्याङ्कन (लिजा) र वित्तीय उत्तरदायित्वमा कमजोर प्रस्तुति देखिने भएको छ । पब्लिक आवाजले ११ वटै पालिकाबाट लिएको तथ्याङ्कअनुसार स्याङ्जाका स्थानीय सरकारले झण्डै २६ करोड रकम आन्तरिक आम्दानीबाट उठाएका छन् । ५ नगरपालिका र ६ गाउँपालिका रहेको स्याङ्जामा २५ करोड ८५ लाख ६ हजार ३ सय ४२ रुपैयाँ आन्तरिक आम्दानी भएको देखिन्छ । ११ वटै पालिकाले झण्डै ३० करोड रुपैयाँ आन्तरिक आय उठाउने लक्ष्य लिएका थिए ।

५ नगरपालिकाले २० करोड ८४ लाख ४७ हजार ३० रुपैयाँ राजस्व उठाएका छन् भने ६ गाउँपालिकाले ५ करोड ५९ हजार ३ सय १२ रुपैयाँ आन्तरिक आम्दानी गरेका छन् । जसमध्ये नगरपालिकातर्फ पुतलीबजार नगरपालिकाले आन्तरिक आय लक्ष्यअनुसार उठाउन झण्डै सफल भएको देखिन्छ भने गाउँपालिकातर्फ आँधीखोला, कालीगण्डकी र अर्जुनचौपारी गाउँपालिकाले लक्ष्यभन्दा बढी राजस्व उठाउन सफल भएका छन् । पुतलीबजार नगरपालिकाले राखेको लक्ष्यअनुसार झण्डै ९९ प्रतिशत राजस्व उठाउन सफल भएको छ भने तीन गाउँपालिकाले लक्ष्य राखेभन्दा माथि राजस्व उठाएको तथ्याङ्कले देखाएको छ ।

पुतलीबजार नगरपालिकाले आर्थिक वर्ष २०८०/०८१ का लागि ४ करोड ६४ लाख आन्तरिक आयको अनुमान गरिएकोमा ४ करोड ६१ लाख ७२ हजार उठाएको छ । त्यसैगरी भीरकोट नगरपालिकाले ७ करोड ३० लाख ८९ हजार १ सय अनुमान गरेकोमा ५ करोड २९ लाख ३३ हजार २ सय २६ रुपैयाँ राजस्व उठाएको छ । वालिङ नगरपालिकाले ६ करोड अनुमान गरेकोमा ५ करोड ३३ लाख ४१ हजार ८ सय ४ रुपैयाँ राजस्व उठाएको छ । गल्याङ नगरपालिकाले ४ करोड २६ लाख ४७ हजार अनुमान गरेकोमा २ करोड ६ लाख रुपैयाँ राजस्व उठाएको देखिन्छ ।

» बाँकी ३ पेजमा



## सम्पादकीय

# प्रदेशसभालाई बिजनेश देऊ

प्रदेशसभाको काम कानुन बनाउने हो । प्रदेश सरकारलाई चाहिने आवश्यक कानुन बनाउने थलो प्रदेशसभाको काम निष्प्रभावी भएको छ। प्रदेशसभाको दोस्रो कार्यकालको दुई वर्ष चल्दै गर्दा लुम्बिनी प्रदेशसभाले चार विधेयक पारित गऱ्यो । असार १ गतेसम्म प्रदेशसभाका ५१ बैठक बसे । प्रदेशसभाका यी बैठक विधेयकमाथिको छलफलभन्दा अरु विषयमा केन्द्रीत भइ कानुन निर्माणलाई बेवास्ता गरेका छन् ।

प्रदेश सरकार आफू हिंड्ने बाटो आफैँ निर्माण गर्दै अघि बढेको हो । २०७४ सालमा प्रदेश सरकार गठन हुँदा कुनै कानुन बनेका थिएनन् । संघीय सरकारले बनाइदिनुपर्ने कतिपय कानुन नबनाइदिँदा प्रदेश सरकारले शून्यबाट काम थालेको थियो । शून्यबाट काम थालेको प्रदेश सरकारले पहिलो कार्यकालमा ७२ वटा कानुन बनाएको थियो । कानुन निर्माणका दृष्टिले हेर्दा पहिलो कार्यकाललाई सन्तोषजनक मान्नुपर्छ । प्रदेशसभाले कानुन बनाउने कामका लागि सरकारले 'बिजनेश' दिनुपर्छ । सरकारले बनाउनुपर्ने कानुनको लागि विधेयक तयार गरी प्रदेशसभामा टेबुल गर्नुपर्छ । पहिले सरकारले आवश्यक कानुनको सूची तयार गर्ने, ती आवश्यक कानुनको मस्यौदा विधेयक तयार गर्ने, त्यसपछि मन्त्रिपरिषद्बाट विधेयक प्रदेशसभामा पेश गर्ने निर्णय गर्छ । प्रदेशसभामा विधेयक दर्ता भएपछि विषयगत समितिमा छलफल हुन्छ । विषयगत समितिबाट विधेयक टुंगो लागेपछि प्रदेशसभामा छलफलका लागि पेश हुन्छ । त्यसपछि सभामुखले निर्णयार्थ पेश गर्दछन् । प्रदेशसभाले पारित गरेको विधेयक प्रदेश प्रमुखले प्रमाणित गर्छन् । प्रमाणित कानुन राजपत्रमा सूचना निस्केपछि कार्यान्वयनमा जान्छ । कानुन निर्माणको यो प्रक्रियामा प्रदेशसभा र सरोकारवाला निकाय व्यस्त हुनुपर्ने हो, किनभने प्रदेश सरकारलाई गतिशिल बनाउन विभिन्न कानुन बनाउनुपर्ने छ । प्रदेशसभाले कानुन बनाउन नसक्नु उसको मात्रै कमजोरी होइन्, मूलतः प्रदेश सरकारको कमजोरी हो ।

प्रदेशको एकल सूचीमा रहेको कानुन बनाउन पनि कतिपय संघीय कानुन नबन्दा समस्या भएको छ । कतिपय बनिसकेका कानुन पनि कार्यान्वयन हुन सकेको छैन् । प्रदेश प्रहरीसम्बन्धी ऐन बनेको छ, तर संघीय प्रहरी ऐन नबन्दा कार्यान्वयन हुन सकेको छैन । प्रदेश निजामति ऐन बनेको एक वर्ष भइसक्यो तर संघीय निजामती ऐन नबन्दा कार्यान्वयन हुन सकेको छैन । संघीय ऐन नबन्दा प्रदेश सरकारलाई कानुन बनाउन र कार्यान्वयन गर्न बाधा पुगेको छ ।

नेपालको संघीयता तीन तहको छ । तहगत सरकारबीच सहकार्य र सहकारी संघीयतामा जोड दिइएको छ । तहगत सरकारबीचको सहकार्यबाट नै यो प्रणाली संस्थागत हुने हो । स्थानीय तह र संघबीच पूलको काम गर्दै प्रादेशिक विकासको मोडल तयार गर्ने काम प्रदेशले गर्ने हो । प्रदेश संघीय शासन प्रणालीको मेरुदण्ड हो । प्रदेश सरकारलाई चलायमान बनाउन सक्दा मात्रै संघीय शासन प्रणालीको औचित्य पुष्टि हुन्छ । प्रदेश र संघमा नयाँ सरकार आएकाले समन्वय गरी कानुन निर्माणलाई प्राथमिकता दिनुपर्छ, जसले संघीयताप्रति नागरिकको सकारात्मक धारणा बन्न सकोस् ।

# जस्तो राज्य सत्ता त्यस्तै पार्टी अनि दल नेता



विन बहादुर कुँवर

*हुँदा हुँदा अझ अहिले त त्यो पार्टीका अर्का नेताहरुको पनि भारतीय दूतावासमा नेपालको राष्ट्रिय स्वतन्त्र र स्वाभिमानमा नै आँच आउने गरी विभिन्न गतिविधि हुन थालेका कुरा पनि बाहिर आउन थालेका छन् । आखिर पुरानाको ठाउँ नयाँले भर्दै जाने हो । यो राज्य सत्ता छउनजेल जो आए पनि चाहे पुराना हुन् वा नयाँ जो हुन सबै एउटै बारीका मूला हुन् । केही फरक पर्नेवाला छैन । बीपीका ठाउँमा जेपी अनि जेपीका ठाउँमा प्रचण्ड, देउवा, ओली अब यिनीहरुका ठाउँमा रवी आइसकेका छन् ।*

सामान्यत जस्तो राज्यसत्ताको स्वरुप हुन्छ त्यस्तै दलहरु बन्छन् अनि त्यस्तै दल नेता र कार्यकर्ताहरु हुन्छन् । वर्तमान चालु यो राज्य सत्ताको स्वरुप सामन्ती, दलाल र नोकरशाही बुर्जुवा प्रकारको छ । यहीअनुसारका पार्टीहरु यहाँ बनेका छन् । कांग्रेस-कम्युनिष्ट अनि स्वतन्त्र जे भनिए पनि यी सबैको वास्तविक राजनीतिक चरित्र, सामन्ती, दलाल अनि नोकरशाही बुर्जुवाहरुकै जस्तो छ । कुनै बेला क्रान्तिकारी, देशभक्त र जनपक्षीय जस्तो देखिएका दलहरु पनि जब यो राज्यसत्तामा छिर्छन् तब तिनीहरुको चरित्र पनि क्रमशः त्यस्तै सामन्ती, दलाल र नोकरशाही बुर्जुवाहरुकै जस्तै हुने गरेको छ । यो स्वाभाविक छ कि जस्तो यन्त्र त्यस्तै माल जस्तो बिउ त्यस्तै फल ।

नेपालको सबभन्दा पुरानो पार्टी नेपाली कांग्रेस हो । त्यसपछिको नेपाल कम्युनिष्ट पार्टी हो । यी दुवै पार्टी निरंकुश राजतन्त्र कालीन काल बाहेक अरु सबै वर्षहरुमा देशको शासन सत्तामा रहँदै आएका छन् । तर यी दुवैले यो अवस्थामा देश र जनताको हित हुने काम कमै गर्ने गरेका छन् । २००७ सालदेखि २०१७ सालसम्म कांग्रेस सत्तासिन भयो । त्यो बेला कांग्रेसबाट ठूलठूला राष्ट्रघात र जनघात भयो । २००७ सालमा सम्पन्न त्रिपक्षीय अर्थात् राजा-राणा र कांग्रेसबीचको सम्झौताको विरोध गर्दा १४ वर्षीय विद्यार्थी चीनकाजी श्रेष्ठको हत्या कांग्रेसबाट भयो । तत्कालीन प्रधानमन्त्री मोहन शमशेर भए पनि गृहमन्त्री कांग्रेस नेता बीपी कोइराला नै थिए । २००६ सालमा स्थापित नेपाल कम्युनिष्ट पार्टीलाई प्रतिबन्द गराउने काम भयो । गण्डकी-कोशी नदी भारतलाई सुम्पने काम भयो । खाली भारतको दलाली र चाकडी यतिसम्मकि नेपाल सरकारको क्याविनेट बैठकमा समेत भारतीय प्रतिनिधिलाई राख्नेसम्मको राष्ट्रघाती काम भयो । चिनियाँहरुको आक्रमणको खतराको बाहनामा भारतीय सेनालाई नेपालको उत्तर सीमा चेकपोष्टमा तैनाथ गराउने काम भयो । यसरी त्यो अवधिमा कांग्रेसी राज अनुसार थुप्रै देश र जनताको हित विपरीत राष्ट्र र जनघाती काम भए ।

२०१० सालपछि नेकपालाई वैधानिकता दिलाउने नाममा तत्कालीन पार्टी महासचिव मनमोहन अधिकारीले राजतन्त्र स्वीकार्ने गरी पार्टीलाई खुल्ला गराउने काम भयो । त्यसपछि कम्युनिष्ट पार्टी पनि सत्ता सहयोगी हुँदाहुँदै अन्ततः पार्टीको मूल नेतृत्व अर्थात् दोस्रो महाधिवेशनका महासचिव डा. केशरजंग रायमाझी नै राजावादी भई २०१७ साल राजा महेन्द्रको फौजी 'कु'लाई समर्थन गर्न पुगे । त्यसपछि भने कांग्रेस-कम्युनिष्ट पार्टी सबै माथि प्रतिबन्ध लगाइयो । प्रतिबन्धित पार्टीका नेता कार्यकर्ताहरु कतिलाई जेल हालियो भने कतिपय भारतमा लुकी बस्न बाध्य पारियो । प्रत्यक्ष राजतन्त्रात्मका निरंकुश पञ्चायती शासनअन्तर्गत कांग्रेस-कम्युनिष्ट भने त्यो बेला शासन सत्तामा सहभागी हुन पाएनन् । भूमिगत रुपमा आ-आफ्ना गतिविधि हुँदै गए । राजाको घाँटी कांग्रेसी घाँटी एउटै भएको भन्ने बीपीको भनाइपछि कांग्रेस पार्टी प्रतिबन्धित भनिए पनि खुला पार्टी जस्तै भयो । त्यसपछि कांग्रेसीहरुको पञ्चहरुलाई भन्दा बढी आक्रमण कम्युनिष्ट माथि हुन थाल्यो । तैपनि त्यो बेला भूमिगत रुपमा पनि कम्युनिष्टहरुको संगठन र प्रभाव देशव्यापी बन्दै गयो । २०३५/२०३६ सालमा निरंकुश पञ्चायती व्यवस्थाको विकल्पमा जनमत संग्रह नै गराउन राजा बाध्य भए । बहुदल कि निर्दल भनी गरिएको त्यो जनमत संग्रह अनेक षड्यन्त्र र धाँधली गरेर निर्दलाई जिताए पनि त्यसका विरुद्धको ठूलो जनमत कांग्रेस-कम्युनिष्टहरुकै पक्षमा थियो । त्यो प्रभाव २०४५/०४६ सालसम्म रह्यो । तर जब २०४५/०४६ को जनआन्दोलन पछि कांग्रेस र केही कम्युनिष्टहरु सत्तासिन बने त्यसपछि कांग्रेस प्रमुख सत्ताधारी पार्टी नै भएकाले पुनः राष्ट्रघाती र जनघातीमा अग्रसर भइनै हाल्यो । कम्युनिष्टहरु पनि त्यही सत्तामा लहसिदै जान थालेपछि खासगरी तत्कालीन नेकपा (माले) हुँदै एमाले पनि क्रमशः खास कम्युनिष्टको क्रान्तिकारी विचार सिद्धान्त र व्यवहारबाट टाढिदै कांग्रेसले जस्तै राष्ट्रघाती र जनघाती बन्न गयो ।

२०४६ सालको जनआन्दोलनमा राजा-कांग्रेस र वाम मोर्चाबीच भएको सम्झौता धोका हो भन्ने गरेका नेकपा (मसाल)मशाल आदिले भने अग्रगामी आन्दोलन र संघर्षको तयारी गर्दै अघि बढ्ने क्रममा २०५२ साल फागुन १ गतेदेखि माओवादी जनयुद्धको थालनी नेकपा (माओवादी) पार्टीको नेतृत्वमा भयो । पश्चिमको रुकम-रोल्पा अनि सिन्धुली र गोर्खामा भएका केही फौजी कारबाहीबाट भएको त्यो जनयुद्ध छिटो समयमै देशव्यापी बन्यो । तर १० वर्षपछि भने प्रचण्ड, बाबुराम नेतृत्वको कायरतका कारणले गर्दा त्यो माओवादी जनयुद्धलाई भारतीय विस्तारवादी र अमेरिकी साम्राराज्यवादी डिजाइनमा १२ बुँदे दिल्ली समझदारी सम्झौता लागि टुंगाउने काम भयो । २०६२/०६३ सालको जनआन्दोलन पछि माओवादी पार्टी पनि संविधानसभाको निर्वाचनमार्फत् यही सामन्ती, दलाल र नोकरशाही, बुर्जुवा राज्य सत्ताअन्तर्गत नै शासक वर्ग नै बन्न गयो । प्रचण्ड प्रधानमन्त्री भने बाबुराम अर्थमन्त्री साथसाथमा अरु थुप्रै माओवादी नेताहरु विभिन्न मन्त्रालयमा पुगे । जनयुद्ध र त्यसमा सेना हातहतियार सबैलाई विसर्जन गराउन पुगें । त्यसपछि कांग्रेस-एमालेकै बाटोमा विभिन्न खाले राष्ट्रघात र जनघात गर्न थाले । कहिले कांग्रेसको भने कहिले एमालेको बुई चढ्दै शासन सत्ता सञ्चालन गर्दै आएका प्रचण्ड बल्ल अहिले न यता न उता आफ्नै पार्टीबाट पनि एक्लिदै छन् । आखिर घुम्दै फिर्दै फेरि रुम्जाटार भने जस्तै प्रचण्ड-बाबुराम-बादल अनि विप्लव सबै यही प्रतिक्रियावादी राज्य सत्तामै आई मिसिइसकेका छन् । जस्तो संयन्त्र त्यस्तै गतिविधि र क्रियाकलाप । लुट्ने, ठग्ने, भ्रष्टाचार-तस्करी अनि षड्यन्त्र-जालझेल, धोका र खुराफाती यो राज्य व्यवस्थाको चरित्र हो । यसैमा आज कांग्रेस-एमाले र एमाओवादीबीच प्रतिस्पर्धा अनि लुछाचुडी चलिरहेको छ ।

यसमा अहिले नयाँ र स्वतन्त्र भनिने रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टीले पनि प्रतिस्पर्धा गर्दैछ । यी पुराना भनिने कांग्रेस-एमाले र माओवादीहरुको विकल्पमा कथित नयाँ सोंच र विचारका साथ अघि बढ्ने भनिएको यो पार्टी पनि अहिले त्यही कांग्रेस-एमाले र माओवादीकै बाटो पछ्याउँदै आउन थालेको छ । कही नभाको जात्रा हाडी गाउँमा भने जस्तै सत्तासिन बनेको छोटो समयमै आफ्नो गाई जात्रै अभियान प्रदर्शन भइरहेको छ । पहिलो चुनावी परिणामकै मुखमा त्यसका एक नेता ढाकाराम श्रेष्ठले करोडौं रुपैयाँका लागि गरिएको अनलाइन भिडियोको वार्तालाप अनि स्वयंमा सभापति रवि लामिछानेको नागरिकता र अमेरिकी पासपोर्टको प्रकरण हुँदाहुँदै अहिले पार्टी महासचिव डा. मुकुल ढकालको पार्टी विद्रोहको गाईजात्राले सभापति रवि लामिछाने र त्यसमा आबद्ध नेताहरुको वास्तविक रुप, रंग छरपट भइसकेको छ । त्यसमा पनि अझ अहिले त्यसै पार्टीबाट प्रतिनिधिसभाकी उपसभामुख इन्दिरा राना मगरको मानव बेचविखन तस्करीको रिपोर्टले दुनियाँलाई चकित पारेको छ । त्यस प्रकारको गरिमामय पद र प्रतिष्ठामा रहेको व्यक्तिबाट भएको त्यो रिपोर्ट खबरले सिंगो मुलुककै शिर निहुरिएको छ । गर्नेलाई भन्दा सुन्नेलाई लाज ।

अझ लाज त स्वयं उनी संगठित रास्वपाको नेताहरुबाट हुने गरेको छ । हुनतः सर्वाङ्ग नांगै भइसकेकालाई के को लाज ? जे गर्दा पनि हुन्छ । कुनै बेला पत्रकारितामा चर्चित अनि सांसद बनी गृहमन्त्री जस्तो गरिमामय पद समालिसकेको व्यक्तिबाट त त्यस्तो नागरिकता पासपोर्ट अनि अहिले सहकारी रकम ठगी धन्दामा मुछिएका छन् भने ती विचरा ! सिधासाधा जनजाति चेलीबाट त्यो हुनु त्यति ठूलो कुरा भएन । तैपनि जानी बुझी वा नजानी त्यस्तो जाल साझी किर्ते त्यसमा पनि अझ आफ्नो त्यो गरिमामय पदको दुरुपयोग गरी अमेरिकी दुतावासका लागि लेखिएको त्यो पत्रबाट नेपाल सरकार र नेपालको व्यवस्थापिका सदन सबैको बेइज्त भएको छ । कानूनको अज्ञानतामा क्षमा हुँदैन भन्ने संवैधानिक कानूनी मान्यता अनुसार पनि उपसभामुख इन्दिरा राना त्यसमा दोषी छन् । असम्बन्धित व्यक्तिहरुलाई भिसा मिलाइदिएर अमेरिका भित्राउने त्यो नियतमा नै उनी दोषी छन् । जसरी भुटानी शरणार्थी केसमा पूर्व मन्त्री कारबाहीमा परे ठीक यही प्रकरण यसमा पनि दोहोरिएको छ । अमेरिका पुराउने गरी ल्याइएको केही रकम समेत रास्वपा पार्टी कार्यालयले फिर्ता गरिदिएको समेतका कुरा बाहिर आएका छन् । यति हुँदासम्म पनि रास्वपाका नेताहरुले यसलाई छाकछोप गरिरहने अझ उल्टै अहिले त्यो विषयमा केही कुरा उठाउँदा उनीहरुलाई नै धम्काउने गतिविधिले आखिर कांग्रेस-एमाले र माओवादीभन्दा यिनीहरु के फरक ? जति साधु आए पनि खरानी नै घसेका भन्ने उखान चरितार्थ भएको छ ।

तैपनि रास्वपा र यसका नेताहरुले यसलाई राम्रोसँग बुझी गल्ली कमजोरी स्वीकारेर राजनैतिक नैतिकताकै आधारमा उनलाई पदबाट राजीनामा गर्न लगाएर त्यसको छानविनको लागि मार्ग खुला गरिदिदा अझैँ पनि केही भएको छैन । राम्रै हुनेछ । तर एक गल्ती छाकछोप गर्दा सयौं गल्ती दोहोरिदै जाँदा अन्ततः सिंगो पार्टी र यसमा अरु इमानदार कार्यकर्ताहरु समेत यसैले गर्दा जनताका अगाडि बदनाम हुने अवस्था आउँछ । हुँदा हुँदा अझ अहिले त त्यो पार्टीका अर्का नेताहरुको पनि भारतीय दूतावासमा नेपालको राष्ट्रिय स्वतन्त्र र स्वाभिमानमा नै आँच आउने गरी विभिन्न गतिविधि हुन थालेका कुरा पनि बाहिर आउन थालेका छन् । आखिर पुरानाको ठाउँ नयाँले भर्दै जाने हो । यो राज्य सत्ता छउनजेल जो आए पनि चाहे पुराना हुन् वा नयाँ जो हुन सबै एउटै बारीका मूला हुन् । केही फरक पर्नेवाला छैन । बीपीका ठाउँमा जेपी अनि जेपीका ठाउँमा प्रचण्ड, देउवा, ओली अब यिनीहरुका ठाउँमा रवी आइसकेका छन् । आखिर यी सबै एउटै काले काले मिलेर खाऊ भालेमै छन् ।

# नेप्से परिसूचकमा ३२ अङ्कको वृद्धि



काठमाडौँ । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बिहीबार उकालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ३२ अङ्कले उकालो लागेर दुई हजार पाँच सय ६८ दशमलव ११ मा पुगेको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक सात दशमलव शून्य नौ अङ्कले उकालो लागेर चार सय ६० दशमलव शून्य तीनमा पुगेको छ । कूल तीन करोड ५५ लाख ९४ हजार आठ सय ६८ कित्ता शेयर रु १४ अर्ब १३ करोड ७८ लाख ९९ हजार ४९ मूल्यमा कारोबार भयो ।

कारोबार भएका कूल १३ उपसमूहमध्ये चार उपसमूहको शेयर मूल्यमा गिरावट अएको छ । नौ उपसमूहको शेयर मूल्य भने उकालो लागेको छ । नेप्सेका अनुसार, उपकार लघुवित्त १०, जीवन विकास लघुवित्त र एशियन हाइड्रोपावरको शेयर मूल्यमा समान नौ दशमलव ९९ प्रतिशतले वृद्धि भएको छ ।

यस्तै, गणपति लघुवित्त नौ दशमलव ९७ र राष्ट्रिय बीमा कम्पनीका लगानीकर्ताले नौ दशमलव ९४ प्रतिशतले कमाएका छन् । मितेरी डेभलपमेन्ट बैंक सात दशमलव ६५, माण्डू हाइड्रोपावर चार दशमलव ६८, एसबिएल डिबेञ्चर तीन दशमलव ९२, कालिका पावर कम्पनी तीन दशमलव ८१ र आरम्भ चौतारी लघुवित्तका लगानीकर्ताले तीन दशमलव ६१ प्रतिशतले गुमाएका छन् ।

# युवा उमेरमै बिर्सिने रोग लाग्नुका ७ कारण



डिमेन्सिया एक ल्याटिन शब्द हो । जुन डिमेन्सबाट बन्छ । नेपालीमा जसको अर्थ दिमाग अस्थिर रहनु हुन्छ । डिमेन्सिया बिर्सिने रोगका रुपमा परिचित छ । जब हाम्रो मस्तिष्कको मेमोरी सेन्टर कमजोर हुन थाल्छ । जसले गर्दा दैनिक कार्य पनि भुल्न थालिन्छ । साथै निर्णय लिने क्षमतामा पनि कमी आउन थाल्छ । डिमेन्सिया विभिन्न प्रकार हुन्छन् । जस्तै भाष्कुलर डिमेन्सिया, अल्जाइमर्स, फ्रन्टोटेम्पोरल डिमेन्सिया, लेभी डिजीज आदि ।

हामी सवै कतिपय अवस्थामा बिर्सिन्छौं । कहिले कसैको नाम र कहिले कुनै सामान कहीँ राखेर भुल्छौं । केही समयपछि याद आउँछ । यो भने डिमेन्सियाको लक्षण होइन । ल्याक अफ अटेन्सन अर्थात् एकाग्रताको कमीका कारण यस्तो हुन्छ । सामान्यतया उमेर बढ्दै जाँदा हुने यो समस्या अहिले युवावयमै पनि हुने गरेको पाइन्छ ।

**डिमेन्सियाका ७ कारण**

एक्सेटर र मास्ट्रिच युनिभर्सिटीले युवामै हुनुको कारण पत्ता लगाएको छ । अध्ययनमा ६५ भन्दा कम उमेरका साढे ३ लाख मानिस सामेल गरिएका थिए । उनीहरुमाथि गरिएको अध्ययनले ७ मुख्य कारण पत्ता लागेका हुन् ।

स्ट्रोक- स्ट्रोकका कारण दिमागमा ब्लड लेभलमा कमी वा दिमागभित्र रक्तश्राव हुन सक्छ । यसले दिमागको न्युरोलोजिकल फङसनमा हानी पुऱ्याउँछ । त्यसबाट डिमेन्सियाको खतरा बढ्दै जान्छ ।

डाइबिटिज- मोडर्न साइन्मा अल्जाइमर्सको टाइप-३ डायबिटिजको नाम दिइएको छ । अनियन्त्रित ब्लड सुगरको सवैभन्दा धेरै असर ब्रेन न्युरोन्समाथि पर्छ । स्मृति कमजोर हुन थालेछ । त्यसैले डायबिटिज नियन्त्रणमा राख्न जरुरी हुन्छ ।

भिटामिन डीको कमी - भिटामिनको मुख्य स्रोत घाम हो । भिटामिन डी नपाउँदा अक्सिडेटिभ तनाव बढ्छ, जसले दिमागले आरामको महशुस गर्न सक्दैन ।

सामाजिक एकांकी- जो समाजसँग घुलमिल हुँदैनन् । उनीहरुको दिमागमा आफ्नै र आफ्नाहरुका बारेमा अनेकथरी विचार उत्पन्न हुन्छन् । जसले दिमागमा अवसाद उत्पन्न हुने सम्भावना बढ्छ । कोरोना महामरीको समयमा गरिएको आइसोलेसनको असर दिमागमाथि परेको पाइएको छ । एक्लोपनाको शिकार भएकाहरुको दिमाग तीव्र रुपमा कमजोर हुने गरेको पाइएको छ ।

मदिराको अत्याधिक सेवन - अत्याधिक मदिराको सेवनबाट दिमागको न्युरोन्सको सक्रिया कम हुन्छ । जसले बोल्ने, सोच्ने र कुरालाई याद राख्ने क्षमतामा कमी ल्याउँछ र तीव्र रुपमा मुड सुइङ हुन्छ । यस्तो अवस्थामा डिमेन्सियाको खतरा पनि बढ्छ ।

मुटुसँग सम्बन्धित समस्या - जो मानिससँग मुटुसँग जोडिएका रोग हुन्छन्, उनीहरुमा डिमेन्सियाको खतरा अधिक हुन्छ । किनकि दिमागको रक्त बाहिनीमा रगत जम्ने वा रक्तस्राव हुने सम्भावना बढी हुन्छ ।

तनाव - जब हामी कुनै कुरामा धेरै तनाव लिछु । त्यतिबेला 'कोर्टिसोल' नामक एक स्ट्रेस हर्मोन रिलिज हुन्छ । कोर्टिसोल मेमोरीमाथि सिधा असर पार्छ । यस्तोमा ज्यादा तनावले डिमेन्सियाको जोखिम बढाउन सक्छ ।

एजेन्सीहरुको सहयोगमा

# स्याङ्जाबाट संघ प्रदेशको सबा अर्ब फिर्ता

**प्रकाश डोटेल**
*स्याङ्जा*



स्याङ्जाबाट संघीय र प्रदेश सरकारबाट प्राप्त बजेटमध्ये खर्च गर्न नसक्दा झण्डै सबा अर्ब रकम फिर्ता भएको छ। आर्थिक वर्ष २०८०/०८१ मा प्राप्त बजेटमध्ये एक अर्ब १२ करोड ६७ लाख २१ हजार ६ सय २६ रुपैयाँ फिर्ता भएको हो।

कोष तथा लेखा नियन्त्रक कार्यालय स्याङ्जाले दिएको जानकारी अनुसार संघबाट ७ अर्ब ६६ करोड ४९ लाख ९५ हजार ५ सय ६४ र प्रदेशबाट ३ अर्ब २२ करोड ७६ लाख १७ हजार ९ सय ३० गरी प्राप्त कुल १० अर्ब ८९ करोड २६ लाख १३ हजार ४ सय ९४ मध्ये ९ अर्ब ७६ करोड ५८ लाख ९१ हजार ८ सय ६८ मात्रै खर्च हुँदा उक्त रकम फिर्ता भएको जनाइएको छ। संघबाट प्राप्त चालु र पुँजीगत गरी ७ अर्ब ६६ करोड ४९ लाख ९५ हजार ५ सय ६४ रुपैयाँको ९३ प्रतिशत अर्थात् ७ अर्ब १४ करोड ४० लाख ३१ हजार ५ सय ७१ रुपैयाँ खर्च गरेर बाँकी रहेको ५२ करोड ९ लाख ६३ हजार ९ सय ९३ रुपैयाँ फिर्ता भएको छ।

संघीय सरकारले उपलब्ध गराएको चालु खर्च ७ अर्ब ५५ करोड ६ लाख ७५ हजार ४ सय ८ रुपैयाँमध्ये ४९ करोड ९३ लाख ३० हजार ९ सय ५८ रुपैयाँ फिर्ता हुँदा ७ अर्ब ५ करोड १३ लाख ४४ हजार ४ सय ५० रुपैयाँ मात्र खर्च भएको कोष नियन्त्रक इन्द्रप्रसाद पौडेलले बताए। चालु खर्चतर्फ ९३ प्रतिशत खर्च गरेका सरकारी कार्यालयले संघीय सरकारले उपलब्ध गराएको ११ करोड ४३ लाख २० हजार एक सय ५६ रुपैयाँ पुँजीगत खर्चमध्ये ९ करोड २६ लाख ८७ हजार एक सय २० खर्च गरेर २ करोड १६ लाख ३३ हजार ३६ रुपैयाँ फिर्ता गरेका छन्।

त्यस्तै प्रदेश सरकारबाट प्राप्त कुल बजेट ३ अर्ब २२ करोड ७६ लाख १७ हजार ९ सय ३० रुपैयाँमध्ये २ अर्ब ६२ करोड १८ लाख ६० हजार २ सय ९७ रपैयाँ खर्च हुँदा करिब १९ प्रतिशतले हुन आउने अर्थात् ६० करोड ५७ लाख ५७ हजार ६ सय ३३ रुपैयाँ फिर्ता भएको छ।

प्रदेश सरकारले चालु खर्चतर्फ दिएको ८० करोड ३३ लाख ३० हजार ९ सय ३० रुपैयाँमध्ये ६० करोड १ लाख ९३ हजार २ सय ४१ रुपैयाँ खर्च गरेका सरकारी कार्यालयले झण्डै २५ प्रतिशत अर्थात् २० करोड ३१ लाख ३७ हजार ६ सय ८९ रुपैयाँ फिर्ता गरिएको छ। उता प्रदेश सरकारकै पुँजीगत २ अर्ब ४२ करोड ४२ लाख ८७ हजार बजेटमा २ अर्ब २ करोड १६ लाख ६७ हजार ५६ रुपैयाँ खर्च गरेर ४० करोड २६ लाख १९ हजार ९ सय ४४ रुपैयाँ फिर्ता गरेका छन्। जिल्लाका सरकारी कार्यालयले संघीय बजेटको ९३ र प्रदेश सरकारको बजेटमा ८१ प्रतिशत मात्रै खर्च गर्न सफल भएका छन्।

संघ र प्रदेश सरकारले दिएको झण्डै ४३ करोड रुपैयाँ पुँजीगत रकम फिर्ता हुनु जिल्लाकै लागि दुर्भाग्य भएको भन्दै सरोकारवालाले बताए। सरकारी कर्मचारीको चरम लापरबाही र जिल्लाका अगुवाहरुको अकर्मन्यता र समन्वय अभावमा पुँजीगत खर्चतर्फको बजेट फिर्ता हुनु दुःखद भएको उनीहरुको बुझाई छ।

# पाल्पा जेसीजको एक हप्ते अभियान




पाल्पा। पाल्पा जेसीजले सुरु गरेको एक हप्ते जेसीज सप्ताह कार्यक्रम २०२४ सकिएको छ। शासन व्यक्तिको होइन, विधिको हुनुपर्दछ भन्ने मूल नाराका साथ सुरु भएको जेसीज सप्ताह कार्यक्रममा तानसेन नगरपालिकाको वडा नं. १ देखि ७ सम्मका टोलविकास संस्थामा आबद्ध महिलाहरु प्रत्यक्ष लाभान्दित भएका छन्। एक हप्ते कार्यक्रममा नगरपालिकाको ७ वटा वडाका टोल विकास संस्थाका महिलाहरुको व्यक्ति, नेतृत्व विकास र उनीहरुलाई उद्यमशिलतामा अग्रसर बनाउने गरी प्रशिक्षकहरुले प्रशिक्षण गराएका थिए। महिलाहरुलाई क्षमतावान बनाउने, आफ्ना कुरा निर्धक्कसँग सबैसँग राख्न सक्ने गरी क्षमता बढाउने, हरेक विषयबस्तुमा वादविवाद गर्न सक्ने बनाउने, एकले अर्कोप्रति प्रश्न गर्न सक्ने बनाउने गरी प्रशिक्षण केन्द्रित रहेको पाल्पा जेसीजका अध्यक्ष अर्जुन कार्कीले बताए।

कार्यक्रममा तानसेन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिराम नागिलाले हरेक व्यक्तिलाई क्षमतावान, शिक्षित, आर्यआर्जनमा कृयासिल बनाउने तीन वटै सरकारको दायित्व भएकोले तानसेन नगरपालिकाले पाल्पा जेसीजसँग मिलेर नगरका महिलाहरुको व्यक्तित्व, नेतृत्व र उधमशिलता विकासमा ध्यान दिएको बताए।

कार्यक्रममा तानसेन नगरपालिका वडा नं. ३ का अध्यक्ष बाबुरत्न शाक्यले महिलाहरुले लिएको तालिम व्यवहारमा पनि ल्याउनु पर्नेमा जोड दिए। उनले जेसीजले गरेको कार्यक्रमले महिलाहरुमा आत्मविश्वास बढाएको जनाए। पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष शैलेन्द्र भट्टराईले तानसेनका टोल विकास संस्थाहरुमा नगरको विकासलाई उच्च स्थानमा पुर्याउने क्षमता र जोश जागर भए पनि उनीहरुलाई नगरपालिकाले पूर्ण रुपमा प्रयोग गर्न नसकेको स्पष्ट पारे।

कार्यक्रममा पाल्पा जेसीजका पूर्व अध्यक्ष बुद्धिप्रसाद शर्माले पाल्पामा जेसीजले युवाहरुको क्षमता विकासमा सधैं क्रियासिल भएर काम गर्दै आएको बताए। कार्यक्रममा प्रमुख प्रशिक्षक कला दाहाल, सहभागी सन्ध्या शाक्यले जेसीजको एक हप्ते कार्यक्रम निकै प्रभावकारी भएको बताएका थिए।

संस्थाका अध्यक्ष अर्जुन कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा जेसीज सप्ताह कार्यक्रमका संयोजक विनय खातीको स्वागत, मुल समारोह समितिका संयोजक विवेककाजी शाक्यको सञ्चालनमा भएको थियो। एक हप्ते जेसीज सप्ताह कार्यक्रममा नगरका ७ वटै वडाबाट ५ सयभन्दा बढी महिलाहरु सहभागी भएका छन्। कार्यक्रममा प्रशिक्षक कला दाहाल र एञ्जिला खनालले सहजीकरण गरेका थिए।

# ३६५ जना बालबालिकालाई पोशाक र स्टेशनरी

बुटवल। किवानिज क्लब रूपन्देहीले गिर्वाण सरस्वती संस्कृत तथा साधारण माविमा अध्ययनरत ३६५ जना बालबालिकालाई पोशाक तथा स्टेशनरी सामान प्रदान गरेको छ। विद्यालयका प्रधानाध्यापक केदार चन्द्र पराजुलीले बालबालिकाको शैक्षिक विकासमा सहयोग पुग्ने गरी गरेको सहयोगप्रति धन्यावाद दिए। क्लबका इन्टरनेशनल ट्रष्टी मोहन लम्सालले क्लबले विशेष गरी १८ वर्ष मुनिका बालबालिकाको ५ वटा क्षेत्रमा काम गर्दै आएको बताए। विशेष गरी बालबालिकाको शिक्षा, स्वास्थ्य व्यक्तित्व विकास, खेलकद र वातावरणको क्षेत्रमा सहयोग गर्दै आएकोमा यो विद्यालयमा शिक्षाको क्षेत्रमा सहयोग पुराउने लक्ष्यले सामान प्रदान गरेको बताए।

कार्यक्रममा क्लबका राष्ट्रिय अध्यक्ष तिर्थकुमार सिंहले बालबालिकाको क्षेत्रमा सहयोग पुराउने गरी विश्वभर सञ्चालनमा रहेको क्लबमध्ये रूपन्देहीको क्लब उत्कृष्ट रहेको भन्दै आगामी कार्यक्रममा सम्मान गर्ने उद्घोष गरे। किवानीज क्लब रूपन्देहीका अध्यक्ष मनोज आचार्यले विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको आवश्यकतालाई मध्यनजर गरी शैक्षिक सामग्री सहयोग गरेको बताए।

# अर्घा दरबार पुनर्निर्माण थालियो

अर्घाखाँची। अर्घाखाँचीको धार्मिक तथा पर्यटकीयस्थल अर्घा दरबार पुनर्निर्माण थालिएको छ। अर्घा अग्लो पहाडको थुम्कोमा अवस्थित प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक तथा पुरातात्विक महत्व बोकेको रमणीय थलो हो। बाइसे चौबिसे राज्यका समयमा राजकाज चलाउने स्थानको रुपमा रहेको यहाँ हाल महाकाली मन्दिर र दरबार रहेको छ।



पन्ध्रौं शताब्दीदेखि अस्तित्वमा रहेको यो मन्दिरमा विजया दशमीको पूर्णिमाको दिन विशेष मेला लाग्छ। सराये नाचको प्रमुख उदगमस्थलको रुपमा अर्घाको दरबार र अर्घा भगवती मन्दिर रहेको छ। बाइसे चौबिसेराज्य अन्तर्गत पर्ने यस राज्यको दरबार पहिलेकै अवस्थामा रहने गरी पुरानै शैलीमा पुरातत्व विभागले निर्माण कार्य अघि बढाएको हो। पुरातत्व विभागको अन्वेषण र खोजीका आधारमा बाइसे चौबिसे राज्यअन्तर्गत पर्ने राज्यकालको अवधिमा भएको डिजाइन र शैलीमानै पुरातत्व विभागद्वारा निर्माणकार्य सुरु भएको दरबार संरक्षण समितिका अध्यक्ष सरोज भुसालले बताए। दरबार पहिला तीन तले रहेको अनुसन्धानबाट पत्ता लागेको छ। दरबार निर्माण सुरु भएपछि अर्घा भगवती मन्दिरमा पर्यटक बढी आउने अपेक्षा गरिएको मन्दिरका पुजारी किशोर आचार्य बताउँछन्।

हाल मन्दिरमा भगवतीको मूर्ति प्रतिस्थापन गरिएको छ। सन्धिखर्क नगरपालिकाले अर्घा दरबार अर्थात् अर्घा भगवती मन्दिरमा १० फिटको बेसमा, २१ फिटको मूर्ति राखेको छ। मूर्ति प्रतिस्थापनसँगै मन्दिर तथा पौवा निर्माण गरिएको छ। दरबार तथा मन्दिर वरिपरि चिटिक्क पारिएको छ। लिच्छवीकालदेखि नै दरबार तथा मन्दिरमा पूजाआजा हुँदै आएको बताइन्छ।

लुम्बिनीमा आएका पर्यटक तथा अर्घाखाँचीकै धार्मिक पर्यटकीयस्थल सुपा देउरालीमा आएका पर्यटकलाई सदरमुकाम सन्धिखर्क हुँदै अर्घामा लैजान सकिने सन्धिखर्क नगरपालिकाका नगर प्रमुख कृष्णप्रसाद श्रेष्ठले जनाए। गौतम बुद्धको जन्मस्थल लुम्बिनीसँगै गुल्मीको रेसुङ्गा र प्यूठानको स्वर्गद्वारीमा आएका पर्यटकलाई अर्घा दरबारतर्फ आकर्षित गराउने उद्देश्यले मूर्ति स्थापना गरिएको उनले जानकारी दिए।

# गुल्मीमा धान उत्पादनको क्षेत्रफल घट्दै



गुल्मी। यहाँका किसानलाई यतिबेला रोपाइँको चटारो छ। असार महिनाको अन्तिम सातामा पानीका मुहान फुटेपछि साउन महिनाको सुरुवातसँगै किसान धमाधम रोपाइँमा लागेका हुन्। जिल्लाका अधिकांश किसान मकै भित्राएपछि मात्र धान रोप्ने गर्दछन्। साउनको दोस्रो सातासम्म जिल्लामा ८६ प्रतिशत खेतमा धान रोपाइँ सकिएको छ। जिल्लामा सात हजार नौ सय ८८ हेक्टर क्षेत्रफलमध्ये ६ हजार सात सय ८९ हेक्टरमा मात्र रोपाइँ सम्पन्न भएको कृषि ज्ञान केन्द्रका प्रमुख नवराज भण्डारीले जानकारी दिए। गत वर्षको तुलनामा यसपटक रोपाइँ गरेको क्षेत्रफल बढे पनि धान उत्पादन हुने क्षेत्रफल भने घट्दै गएको छ। रोपाइँको क्षेत्रफल घट्नुको मुख्य कारण काम गर्ने जनशक्ति अभाव, बढ्दो बसाइसराइ, गोरुको अभाव, समयमा जोत्नका लागि ट्र्याक्टर नपाउने, खोलाको कटान, महँगो ज्यालालगायत समस्या रहेको उनले बताए।

गत वर्ष यस अवधिसम्ममा ७० प्रतिशत क्षेत्रफलमा मात्र रोपाइँ गरिएको थियो। समयमा पानी परेका कारण किसानले यस पटक छोटो अवधिमा धेरै खेतमा धान रोप्ने अवसर पाएका प्रमुख भण्डारी बताउँछन्। जिल्लाको कूल धान उत्पादन हुने क्षेत्रफलमध्ये यसवर्ष ९० प्रतिशत खेतमा मात्र रोपाइँ हुनसक्ने उनको भनाइ छ।

गत वर्षको तुलनामा जिल्लामा यसवर्ष समयमा वर्षा सुरु भएसँगै किसान रोपाइँमा व्यस्त भएका हुन्। यस पटक धान रोप्न आकाशे पानीको भर पर्नुपरेन। समयमै पानी परेपछि सिँचाइको समस्या नभएको प्रमुख भण्डारीले बताए। जिल्लामा बडीगाढ फाँट, चौरासी फाँट, छल्दी, निस्ती, पनाहा, सुदि, खैरेनी, खर्ज्याङ, शान्तिपुर, मजुवालगायतका फाँट धान उत्पादनका पकेट क्षेत्र हुन्। गुल्मीमा करिब पाँच सय हेक्टर क्षेत्रफलमा मात्र चैते धान रोपिन्छ भने अन्य सबैमा बर्खे धान लगाउने गरिन्छ। मकैपछि दोस्रो प्रमुख बालीको रुपमा रहेको यस जिल्लामा गतवर्ष करिब २३ हजार मेट्रिकटन धान उत्पादन भएको कृषि ज्ञान केन्द्रले जनाएको छ।

### लुम्बिनीलाई...

संस्कृति मन्त्रालय, पुरातत्व विभाग, भारतका लागि नेपाली राजदूत, पेरिसस्थित राजदूत र लुम्बिनी विकास कोषले लुम्बिनीका बारेमा सकारात्मक निर्णय भएको लुम्बिनी विकास कोषका वरिष्ठ निर्देशक ज्ञानिन राईले बताए।

यूनेस्कोले सम्पदास्थलमा मापदण्ड ५ हजार क्षमताको ध्यानकेन्द्र निर्माण, मायादेवी मन्दिर जीर्ण हुँदा पानी चुहिने तथा परिसरमा अनुमती विना संरचना निर्माण गरेकोलगायतका विषयमा प्रश्न उठाएको थियो। विगतदेखि नै सम्पदा संरक्षण विपरीतको कार्य हुँदै आएको भन्दै यूनेस्कोले सचेत गराउँदै आएको थियो। भगवान गौतमबुद्धको जन्मस्थल लुम्बिनी सन् १९९७ मा यूनेस्को विश्व सम्पदा सूचीमा सूचीकृत भएको सम्पदा स्थल हो।

भारत सरकारको संस्कृति मन्त्रालयको आयोजनामा २१ जुलाईदेखि ३१ सम्म चल्ने विश्व सम्पदा कमिटीको बैठकमा लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. ल्हारक्याल लामा, कोषाध्यक्ष ढुण्डिराज भट्टराई, संस्कृति पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयका सचिव डा. गणेश पाण्डेय, पुरातत्व विभागका महानिर्देशक सौभाग्य प्रधानाङ्ग, मन्त्रालयका सहसचिव सुरेश सुरश श्रेष्ठ, कोषका सदस्य सचिव सानुराजा शाक्य, वरिष्ठ निर्देशक ज्ञानिन राई, वरिष्ठ पुरातत्व अधिकृत हिमालकुमार उप्रेती सहभागी छन्।

बैठकमा यूनेस्कोले उठाउँदै आएको सम्पदा संरक्षण मापदण्ड कार्यान्वयन, सम्पदा प्रभाव मूल्यांकनलगायतका सुझाव नेपालले कार्यान्वयन गर्ने प्रतिबद्धता जनाइएको छ।

### स्याङ्जाका...

चापाकोट नगरपालिकाले ५ करोड ४४ लाख अनुमान गरेकोमा ३ करोड राजस्व उठाएको तथ्याङ्कले देखाएको छ। राजस्व उठाउन अन्यको तुलनामा गल्याङ र चापाकोट निकै कमजोर देखिएका छन्।

यता गाउँपालिकातर्फ फेदिखोलाले १ करोड ६७ लाख अनुमान गरेकोमा १ करोड राजस्व उठाएको छ। बिरुवा गाउँपालिकाले १ करोड अनुमान गरेकोमा ७० लाख राजस्व उठाएको छ।

अर्जुनचौपारी गाउँपालिकाले ६० लाख अनुमान गरेकोमा ७७ लाख १५ हजार राजस्व उठाउन सफल भएको छ। कालीगण्डकी गाउँपालिकाले १ करोड ६ लाख अनुमान गरेकोमा १ करोड १२ लाख राजस्व उठाउन सफल भएको छ भने आँधीखोला गाउँपालिकाले ९४ लाख १ सय अनुमान गरेकोमा १ करोड १३ लाख ७६ हजार १ सय २९ रुपैयाँ राजस्व उठाउन सफल भएको देखिएको छ। हरिनास गाउँपालिकाले ३५ लाख अनुमान गरेकोमा २७ लाख ६८ हजार ५० रुपैयाँ राजस्व उठाएको छ।

पालिकाहरुले हरेक वर्ष प्रस्तावित गर्ने आन्तरिक आयका लागि महत्वकांक्षी लक्ष्य लिने गरेका छन्। जसले गर्दा लक्ष्य अनुसारको आन्तरिक आय उठाउन नसक्दा प्रत्यक्ष विकासे आयोजनामा असर पर्ने गरेका छन्। पछिल्लो समय आर्थिकमन्दी र नागरिकहरुमा राजस्व तिर्ने क्षमता कमजोर हुँदा यस्तो समस्या आउने गरेको वालिङ नगरपालिकाका लेखा प्रमुख ज्ञानप्रसाद अर्यालको बुझाइ छ। जनप्रतिनिधिहरुले नागरिकलाई राजस्व तिर्न सक्ने क्षमता बनाउनेगरी कार्यक्रम ल्याउन आवश्यक देखिएको सुझाव अर्यालको छ। नागरिकमाथि करका दायरा धेरै भएकाले पनि समस्या आउने गरेको बताइएको छ। बजेट बनाउने, तर आन्तरिक राजस्व उठाउन जनप्रतिनिधिहरुको समेत पहलकदमी नहुने, कर्मचारीलाई काम गर्ने वातावरण नहुने, धेरै बजेट बनाउन आन्तरिक राजस्वको लक्ष्य धेरै राख्ने जस्ता कमजोरीका कारण वित्तीय अनुशासनमा क्रमशः स्थानीय सरकारहरु फेल हुन थालेको विज्ञहरु बताउँछन्।

पालिकाहरुले छुट्टाउने योजनामा करदाता शिक्षा सम्बन्धमा चासो नै दिएको देखिंदैन। जसले गर्दा सरकारलाई कर तिर्नुपर्छ भन्ने मानसिकता नागरिकहरुमा कमै देखिएको छ। कर तिरे मात्रै विकास धेरै हुन्छ भन्ने विश्वास दिलाउन नसक्दा नागरिकहरु कर तिर्न खासै चासो नदिँदा पालिकाहरुले राखेको लक्ष्य पूरा हुन नसकेको आर्थिक विज्ञहरु बताउँछन्। तर सर्वसाधारण नागरिकहरु भने स्थानीय सरकारहरुले करको दर मात्र बढाएको र सोहीअनुसारको सुविधा नदिएको गुनासो गरेका छन्।

**संघ र प्रदेशलाई झण्डै १ अर्ब राजस्व**

स्याङ्जाका स्थानीय तह तथा अन्य विषयगत सरकारी कार्यालयबाट संघीय सरकार र प्रदेश सरकारलाई झण्डै १ अरव राजस्व दाखिला भएको छ। कोष तथा लेखा नियन्त्रक कार्यालय स्याङ्जाका अनुसार संघीय राजस्वतर्फ ८० करोड १० लाख ५९ हजार ७ सय ९३ र प्रदेश राजस्वतर्फ १६ करोड १ लाख ८ हजार ६ सय ९१ दाखिला भएको हो। संघ र प्रदेशलाई स्याङ्जाबाट ९६ करोड ११ लाख ६८ हजार ४ सय ८४ रुपैयाँ राजस्व संकलन गरेर पठाएको छ। जिल्लाका ३८ सरकारी निकायले पेश गरेको संघीय राजस्वमध्ये सबैभन्दा धेरै करदाता सेवा कार्यालयले संकलन गरेको छ। उक्त कार्यालयबाट ४७ करोड २२ लाख ८८ हजार २ सय ४६ रुपैयाँ राजस्व संकलन भएको देखिन्छ भने पुतलीबजार नगरपालिकाले संघीय सरकारलाई ७ करोड ८५ लाख ३६ हजार ४ सय ५८ राजस्व दाखिला गरेको कोलेनिकाको तथ्याङ्कमा उल्लेख छ।

यसैगरी प्रदेशतर्फ सबैभन्दा धेरै राजस्व दाखिला पूर्वाधार विकास कार्यालयले गरेको छ। पूर्वाधारले ९ करोड ६० लाख ७३ हजार २ सय ८० राजस्व प्रदेश सरकारलाई बुझाएको तथ्याङ्क छ भने मालपोत कार्यालय वालिङले २ करोड ८ लाख ६१ हजार ४ सय १७ रुपैयाँ दाखिला गरेको देखिन्छ। प्रदेश सरकारमा राजस्व दाखिला गर्ने जिल्लाका ३० सरकारी निकाय मध्ये ५ ओटाले राजस्व संकलन नगरेको देखिएको छ। राजस्व संकलन नगर्ने कार्यालयहरुमा रेशम विकास कार्यक्रम, आँधीखोला बहुप्राविधिक शिक्षालय, फेदिखोला गाउँपालिका, जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र र किसान बहुप्राविधिक शिक्षालय रहेका छन्।

संघीय सरकारलाई पठाउने ३८ कार्यालयमध्ये ६ वटाले राजस्व दाखिला नगरेको देखिएको छ। जसमध्ये दुर्गा भञ्जन गुल्म, इलाका प्रहरी कार्यालय चापाकोट, जिल्ला आयोजना कार्यान्वयन इकाइ (शिक्षा), (अनुदान व्यवस्थापन), (भवन तथा आवास), निर्वाचन अधिकृतको कार्यालय हरिनास रहेका छन्।

**बुटवल सुनचाँदी व्यवसायी संघ**
बुटवल, रुपन्देही
मिति: २०८१/०४/१० को
**सुनचाँदीको बजारभाउ**
छापा सुन प्रति तोला : १,४५,५००
तेजावी सुन प्रति तोला : १,४४,८००
चांदी प्रति तोला :१,७८०

**निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना**

गुल्मी जिल्ला छत्रकोट गा.वि.स. वडा नं. ०३ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, छत्रकोट गा.पा. वडा नं. ३, बस्ने श्री नाम थाहा नभएकोको नाति श्री शेर बहादुर पौडेल क्षेत्री को छोरा श्रीमति धन कुमारी पौडेल क्षेत्री को श्रीमान बर्ष ७२ को श्री ढक बहादुर पौडेल क्षेत्री भन्ने ढक बहादुर क्षेत्री (नागरिकता नं. ४८७२ जि.प्र.का गुल्मी मिति २०४५/०२/२६ मा जारी) को मिति २०८०/०२/२३ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०३५८१ मा भएको रकम भुक्तानी पाउँभनि निजको पत्नी श्रीमती धन कुमारी पौडेल क्षेत्री ले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्री ढक बहादुर पौडेल क्षेत्री भन्ने ढक बहादुर क्षेत्री (नागरिकता नं. ४८७२ जि.प्र.का गुल्मी मिति २०४५/०२/२६ मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला। उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

नेपाल एसबिआई बैंक लि.
गुल्मी शाखा, गुल्मी
फोन ०७९-५२१०२९,
फ्याक्स ०७९-५२११९४

**ट्वाइलेट सफा गराउनुहोस्**
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।
सम्पर्क:
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५, ९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्को बेला पनि सेवा दिइने छ।
सम्पर्क:
तिनाउ सेनेटरी
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३, ९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्र: लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी

विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# ११ घण्टा बन्द गरिएको सडक पुनः सञ्चालन



कृष्ण पोखरेल

*पाल्पा*

सडक भासिने तथा पहिरोको अत्याधिक जोखिक रहेको भन्दै रातीमा ११ घण्टा बन्द रहेको सिद्धार्थ राजमार्ग तानसेन -बुटवल सडक खण्डको हिउँदे खोलामा बिहीबारदेखि पुनः सञ्चालनमा आएको छ । हिउँदे खोलामा करीव ६० मिटर सडक भासिएको क्षेत्रमा २७ मिटर लम्बाइमा ४ मिटर चौडाइ र बाँकी भागमा डेड मिटर चौडाइमा ग्याबिन जाली भरिएको छ ।

पहिरो क्षेत्रमा पानीको सिपेज हटाउन प्लाष्टिक तथा त्रिपाल राखेर सडक बग्नबाट केही सुरक्षित बनाइएको छ । संभावित दुर्घटना न्यूनीकरण गर्नको लागि जिल्ला प्रशासन कार्यालय पाल्पाले यही श्रावण ९ गते बेलुका ७ बजेदेखि बिहान ६ बजेसम्म सडक बन्द गरेको थियो । सडक भासिएको क्षेत्र हिउँदे खोलामा सडक मर्मतपछि बिहीबारदेखि बन्द अवस्थामा रहेको सडक एकतर्फी रुपमा २४ सैं घण्टा खुलाएको प्रमुख जिल्ला अधिकारी आनन्द काफ्लले बताए ।

सडक डिभिजन कार्यालय पाल्पाबाट मर्मतको काम नियमित भइरहेको, ग्याविन, जाली प्लाष्टिक त्रिपाल हालेर भासिएको सडकमा एकतर्फी रुपमा यातयात सञ्चालनमा ल्याएको, हाल भासिने क्रम रोकिएको सडक डिभिजन कार्यालयका सूचना अधिकारी इञ्जिनियर दुर्गा गौतमले जनाए ।

यातयात सञ्चालन भए पनि जोखिम कायम रहेकोले सावधानी अपनाएर सो क्षेत्रमा यात्रा गर्न जिल्ला प्रशासन पाल्पाले अनुरोध गरेको छ । सडक भासिएको क्षेत्रको माथिल्लो भागमा कालीगण्डकी जलविद्युत्को बुटवल क्षेत्रमा जाने प्रशारण लाइनको टावर रहेको र सडकको तल्लो क्षेत्र भासिएकोले तत्काल सडक मर्मत गरेर यातयात सञ्चालन गर्न कठिनाइ भएको थियो ।

सो क्षेत्रमा दुई वर्षअघि पनि सडक भासिएकोले माथिल्लो क्षेत्रमा खनेर डाइभर्सन गरी राजमार्ग सञ्चालन हुँदै आएको थियो । तानसेन-बुटवल सडक खण्डको झुम्सा, भुतखोला, दोभान सिद्धबाबा क्षेत्रमा सडक भासिने अवस्था रहेको छ ।

# ट्राभल टुरिजम पढ्ने लुम्बिनी बौद्धका विद्यार्थी चीनमा ग्रेजुएट




लुम्बिनी । लुम्बिनी बौद्ध विश्वविद्यालयका विद्यार्थीहरु चीनको नानहाई बौद्ध एकडेमी, चीनमा ग्रेजुएट भएका छन् । लुम्बिनी बौद्ध विश्वविद्यालय र नानहाई बौद्ध एकेडेमी चीनबीच दुई जोड दुई (टुप्लस टु) सम्झौताअन्तर्गत विश्वविद्यालयका ३४ जना विद्यार्थी नानहाई अध्ययनका लागि पुगेका थिए ।

स्नातक तहमा ट्राभल एण्ड टुरिजम विषय अध्ययन गरिरहेका विद्यार्थीहरुमध्ये पहिलो पटक ३४ जना विद्यार्थी चीन पुगेका हुन् । उनीहरुले अध्ययन सकेको अवसरमा नानहाईले ग्राजुएसन समारोह आयोजना गरेको थियो । चार वर्षे कोर्षअन्तर्गत पहिलो चरणमा तीन वर्ष लुम्बिनीमा अध्ययन गरेका विद्यार्थीहरु एक वर्ष अध्ययनका लागि चीनको नानहाई एकेडेमीमा पुगेका हुन् ।

केन्द्रीय क्याम्पस लुम्बिनी र सिटी क्याम्पस बुटवलका विद्यार्थीहरुले दुई सेमेष्टरको कक्षा सकेका छन् । उनीहरुको ग्रेजुएट समारोहमा नानहाईका अध्यक्ष मास्टर इनसुन, लुम्बिनी बौद्ध विश्वविद्यालयका उपकुलपति प्रा.डा. सुवर्णलाल बज्राचार्य, रजिष्ट्रार डा. तिलकराम आचार्यसहितको सहभागिता रहेको थियो ।

नानहाई एकेडेमीमा हरेक वर्ष ४० जना विद्यार्थी अध्ययन गर्न जानेछन् । विश्वविद्यालयले एकेडेमीसँग दुई जोड दुई (टुप्लस टु) सम्झौता गरेसँगै ट्राभल एण्ड टुरिजम विषयमा अध्ययनरत विद्यार्थीहरुले दुई वर्ष लुम्बिनी र दुई वर्ष चीनमा अध्ययन गर्ने विश्वविद्यालयको अन्तर्राष्ट्रिय सम्बन्ध केन्द्रका संयोजक डा. कुमार खड्काले जानकारी दिए ।

चीनमा अध्ययन सकेका विद्यार्थीहरुले लुम्बिनी बौद्धबाट अन्तिम प्रमाणपत्र प्राप्त गर्दैछन् । अध्ययन सकेका अधिकांश विद्यार्थीहरुले रोजगारीका लागि अवसर पाइसकेको खड्काले बताए । कतिपय विद्यार्थीहरुले चीनमै स्नातकोत्तर अध्ययन गर्ने पूर्णछात्रवृत्ति प्राप्त गरेका छन् ।

विश्वविद्यालयले चालु शैक्षिक सत्रमा पनि बुटवल सिटी क्याम्पसमा स्नातक तहमा ट्राभल एण्ड टुरिजम विषयमा भर्ना खोलेको छ । दुई जोड दुई (टुप्लस टु) अन्तर्गत बुटवलमा दुई वर्ष कक्षा सकेपछि थप दुई वर्ष अध्ययन गर्न चीन जानेछन् । अन्तर्राष्ट्रिय विश्वविद्यालयमा अध्ययन गर्दा विद्यार्थीको क्षमतामा वृद्धि देखिएको जनाइएको छ ।

विश्वविद्यालयले कानूनतर्फ बीएएलएलबी र भाषातर्फ बिसिटीओएलमा पनि भर्ना खुलाएको छ । बिसिटीओएल पढ्न चाहाने विद्यार्थीहरुका लागि चन्दादाताबाट पूर्ण छात्रवृत्ति व्यवस्था गरिएको जनाइएको छ ।

विद्यार्थी एक्सचेञ्ज कार्यक्रमअन्तर्गत चीनको युनान विश्वविद्यालयका विद्यार्थीहरु नेपाली पढ्नका लागि लुम्बिनीमा आउने गरेका छन् । पहिलो ब्याचमा ९ जना विद्यार्थीले एक सेमेष्टर लुम्बिनी पढेर फर्किएका छन् ।

विश्वविद्यालयले विदेशी विद्यार्थी आकर्षित गर्नेगरी छोटो अवधिका शैक्षिक कार्यक्रम पनि सुरु गर्न थालेको छ । बौद्ध अध्ययन संकायमार्फत् सर्ट टर्म कोर्ष सुरु गर्न लागिएको डिन डा. माणिकरत्न शाक्यले जानकारी दिए ।

विश्वविद्यालयले मानविकी संकायअन्तर्गत एक महिनेदेखि छ महिने अवधिका सीप मूलक कार्यक्रम समेत सुरु गरेको छ । समुदायसँग विश्वविद्यालय कार्यक्रमअन्तर्गत हप्पिटालिटीअन्तर्गतका सीपमूलक शैक्षिक कार्यक्रम सुरु गरिएको हो । हाल विश्वविद्यालयमा करिव २१ सय विद्यार्थी अध्ययनरत रहेका छन् ।

# सवारी साधन कारबाहीबाट एक करोड बढी राजस्व



स्याङ्जा । जिल्ला ट्राफिक प्रहरी कार्यालय स्याङ्जाले आर्थिक वर्ष २०८०/०८१ मा एक करोडभन्दा बढी राजस्व संकलन गरेको छ । ट्राफिक नियम उल्लंघन गर्ने १४ हजार ६ सय १० सवारी साधनलाई कारबाही गर्दा एक करोड १० लाख ९७ हजार राजस्व संकलन भएको हो । ट्राफिक नियम उल्लंघन गर्ने सवारी साधनमध्ये सबैभन्दा बढी ५ हजार मोटरसाइकल कारबाहीमा पर्दा ३९ लाख १२ हजार राजस्व संकलन भएको ट्राफिक प्रहरीले जनाएको छ । प्रहरीका अनुसार कारबाहीमा परेका ३६ सय ८ जीप, कार भेनबाट २६ लाख ८४ हजार राजस्व उठेको छ ।

प्रहरीले नियम उल्लंघन गर्ने १५ सय २४ ट्रकलाई कारबाही गर्दा ११ लाख २९ हजार राजस्व संकलन भएको छ भने एक हजार ९ सय ३२ बस कारबाहीमा पर्दा १४ लाख ३१ हजार ५ सय र ११ सय ६६ ट्र्याक्टरलाई कारबाही गर्दा ९ लाख ४५ हजार राजस्व संकलन भएको छ । ट्राफिक प्रहरीले सवारी चेकजाँच गर्ने क्रममा ५ वर्षभन्दा बढी समय नवीकरण नगरेका सवारी साधनलाई नियन्त्रणमा लिएर यातायात कार्यालय पोखरामा बुझाएसँगै झण्डै २७ लाख अतिरिक्त राजस्व संकलन उठेको जिल्ला ट्राफिक प्रहरी प्रमुख केशरबहादुर मल्लले दाबी गरे । ट्राफिक प्रहरीको सक्रियतासँगै वर्षेनी राजस्व संकलनमा वृद्धि हुँदै गएको छ । आर्थिक वर्ष २०७९/०८० मा ट्राफिक प्रहरीले १३ हजार बढी सवारी साधनलाई कारबाही गर्दा १० लाख ७२ हजार राजस्व संकलन गरेको थियो । अघिल्लो वर्ष भने ७० लाख ८४ हजार मात्रै राजस्व संकलन भएको थियो ।

आर्थिक वर्ष २०८०/०८१ मा भएको १७ सवारी दुर्घटनामा १२ जनाले ज्यान गुमाएको ट्राफिक प्रहरीले जनाएको छ । दुर्घटनामा ४ जना गम्भीर र ५ सामान्य घाइते भएका थिए । गएको वर्ष १८ सवारी दुर्घटनामा १२ जना महिला तथा पुरूषले ज्यान गुमाएको प्रहरीसँग तथ्याङ्क छ ।

सवारी दुर्घटना न्यूनीकरण गर्न ट्राफिक प्रहरीले विद्यालय तथा समुदायसँगको सहकार्यमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ । जिल्लाको फेदीखोला, सेतिदोभान, वालिङ, गल्याङ, छाप र चापाकोटका ट्राफिक चेकपोष्टबाट प्रहरीले सचेतनामूलक कार्यक्रम गर्दै आएको ट्राफिक प्रहरी हेमबहादुर मल्लले जानकारी दिए ।

# रात्रि बस सेवा सञ्चालन



रुपन्देही । यात्रु र सवारी साधनको सुरक्षाको कारण देखाइ गत महिनादेखि स्थगित गरिएको रात्रि बस सेवा पुनः सञ्चालन हुने पश्चिम नेपाल बस व्यवसायी प्रा.लि.ले जनाएको छ । अविरल वर्षाका कारण विभिन्न स्थानमा आएको बाढी पहिरोले सडक क्षतीग्रत भएकोले यात्रु र सवारी साधनको सुरक्षाका लागि स्थगित गरिएको रात्रि बस सेवा साउन १० गते बिहीबारबाट पुनः सञ्चालन भएको हो । मौसम र सडक दुबैमा सुधार आएकोले सतर्कताका साथ रात्रि सेवा सञ्चालन गर्ने निर्णय भएको प्रा.लि.ले जनाएको छ ।

पश्चिम नेपाल बस व्यवसायी प्रा.लि. बुटवलका अनुसार यहाँबाट काठमाडौंका लागि छुट्ने दैनिक ६४ वटा र अन्य स्थानका लागि छुट्ने ५४ वटा रात्रि बस १० गते बिहीबारदेखि पुनः सञ्चालन भएका छन् । हाल अति आवश्यक प्रयोजनका लागि दैनिक ४ वटा मात्र रात्रि बस सञ्चालन गरिएकोमा अब दैनिक १ सयभन्दा बढी रात्रि बसहरु नियमित सञ्चालन हुने प्रा.लि.का प्रबन्ध सञ्चालक रामचन्द्र भुसालले बताएका छन् । भुसालले-'भने मौसम र सडक दुवैमा सुधार आएको छ, रात्रि सेवा उच्च सतर्कताका साथ सुरक्षा निकायसँग समन्वय गरेर सुचारु गर्छौं ।'

प्रबन्धक भुसालका अनुसार रुपन्देही, नवलपरासी, पाल्पा, गुल्मी, अर्घाखाँची र कपिलवस्तुबाट काठमाडौं, पोखरा, वीरगञ्ज, बिराटनगरलगायतका स्थानमा सञ्चालन हुने रात्रि बसहरु नियमित सञ्चालन हुनेछन् । वर्षायामका कारण सडकमा हुने संभावित घटना र सवारी दुर्घटनाको कुरालाई पनि मध्येनजर गर्दै प्राविधिकरुपले पनि जोखिम न्यूनीकरण गर्दै सुरक्षित तवरले यात्रा गराउने प्रा.लि.ले तयारी गरेको प्रबन्धक भुसालले जानकारी गराएका छन् ।

प्रमुख राजमार्गलगायतका सडकहरुमा रहेका पहिरो र ढुंगाहरु हटाइएको र क्षतीग्रस्त सडकहरु मर्मत संभार गरिएको कारणले पनि बाढी पहिरो र संभावित जोखिम पनि न्यूनीकरण भएकोले यात्रुहरुलाई सुरक्षित यात्रा गराउने उद्देश्य रहेको प्रा.लि.का सञ्चालक एवं दुर्घटना न्यूनीकरण अभियानका संयोजक नारायण घिमिरेले बताएका छन् । मौसम र सडक दुबैक्षेत्रमा सुधार आएकोले रात्रि बस सेवा नियमित रुपमा सञ्चालन गर्ने निर्णय गरिएको र सोहीअनुसार सुरक्षा निकाय र व्यवसायीहरुलाई परिपत्र समेत गरिएको बस व्यवसायी हिमाल गैरेले बताए ।








ट्वाइलेट सफा गराउनुहोस्

बुटवल सेनेटरी प्रा.लि.

९७४५४०५९७३, ९८०७४०९८५२

सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।

गगन सेनेटरी ९८६७०२१६१४, ९८१५४४७६४८

मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१९५

शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३

गगन सेनेटरी (२) ९८०४४१३२८७, ९८१२९८६३१७

रियुस सेनेटरी ९८११४२८७३०

रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधैं हामीलाई सम्झनुहोस्

सम्पर्कः

आइडिया डिजाइनर्स/अफसेट प्रेस

बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)

यातायात मजदूर संघको भवनमा

फोनः-०७१-५५०२९३

मो.९८५७०३५३८०,९८४७१२३९५७

E-mail:ideapressbtl@gmail.com


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com